# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प्रेस विज्ञप्ति

(आज राति १२:०० बजेपछिमात्र प्रकाशन तथा प्रसारण गर्न मिल्ने)

२०७० फागुन ३० गते

सन्दर्भः अन्तर्राष्ट्रिय उपभोक्ता अधिकार दिवस (मार्च १५)

## उपभोक्ताको अधिकार संरक्षण गर

आधुनिक जीवनशैलीले वस्तु तथा सेवाको उपभोग गर्ने क्रमलाई तीव्रता दिइरहेको पृष्ठभूमिमा उपभोक्ताको अधिकारलाई ऐन-कानुनमा व्यवस्था गरिए पनि आयोगलगायत विभिन्न निकायहरूबाट भएका अध्ययन र अनुगमबाट उपभोक्ताहरू मर्कामा परिरहेका थुप्रै तथ्य सार्वजनिक भइरहेका छन् ।

'उपभोक्ता संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसंघीय मार्गनिर्देशिका, १९९९', राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको 'उपभोक्ता मानव अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि अनुगमन मार्गनिर्देशिका-२०६८' जस्ता अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दस्ताबवजहरूले उपभोक्ताको हकहितसम्बन्धी मामिलालाई मानव अधिकारको दायराभित्र समेटेका छन् ।

देशको यातायात प्रणाली सिण्डिकेटलगायतका समस्याबाट ग्रसित हुनु, विद्युत आपूर्ति अनियमित हुनु, वस्तु तथा सेवाको मूल्य निर्धारण प्रक्रिया न्यायसंगत नहुनु, उपभोक्ताले अत्यावश्यकीय वस्तु तथा सेवा सहज प्रक्रियाबाट प्राप्त गर्न नसक्नु, अस्वाभाविक रूपमा मूल्यवृद्धि हुनुजस्ता तमाम समस्याहरूबाट उपभोक्तहरू अन्यायमा परेको देखिन्छ ।

जनसरोकारसँग गाँसिएका यी मामिलाहरूप्रति सरकार गम्भीर र सजग हुनुपर्छ भन्ने विषयमा आयोगले विगतमा पनि सरकारको ध्यानाकर्षण गरिसकेको छ । उपभोक्ताको न्यायका लागि नियमनकारी निकाय, उपभोक्ताको अधिकारका पक्षमा कार्यरत संघ-संस्था र उपभोक्ता पनि उत्तिकै सजग र क्रियाशील हुनुपर्ने देखिन्छ ।

वस्तु तथा सेवाको गुणस्तर र प्रभावकारिताबारे अनुगमन गर्ने सरकारी निकायलाई थप प्रभावकारी बनाउन तथा उपभोक्ताको हितविपरीतका गतिविधिमा संलग्नहरूमाथि छानिबिन गरी उनीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउनसमेत आयोग सरकारसँग आग्रह गर्दछ ।

सुवर्ण कर्माचार्य
निमित्त सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org